महाशिला गाउँपालिकाको १४ औं गाउँसभामा २०८० आषाढ १० गते आइतबार
उपाध्यक्ष श्री धनसुवा वि.क. ज्यूले
प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

**महाशिला गाउँपालिका**
**बालाकोट, पर्वत**
**२०८०**

**सभाध्यक्ष महोदय,**

१. महाशिला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित भए पश्चात दोस्रो वर्षको वजेट प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएकी छु। यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरि समृद्ध महाशिलाको परिकल्पनामा साथ दिनुहुने सम्पूर्ण महाशिलाबासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

२. संविधानले निर्दिष्ट गरेको संघ प्रदेश र स्थानीय तह वीचको सहकारीता, सह-अस्थित्व र समन्वयको सिद्धान्तलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरि शुलभ र गुणस्तरीय सेवा प्रवाह, कानुनी राज्य र दिगो विकासको अवधारण अनुरुप समाजबाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्थानीय तह देखि नै सुदृढिकरण गरी विधायीकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न गठित स्थानीय सरकारको रुपमा आर्थिक वर्ष २०८०/०८१ को बजेट यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गैारवान्वीत महशुस गरेकी छु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले जनताका आवश्यकता र मागहरुलाई प्राथमिकतामा राखेकी छु । साथै विगत पाँच वर्षमा हासिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै विकासका थप आधारशिला खडा गर्न बजेट केन्द्रित गरेकी छु । साथै बजेट मार्फत निम्न विषयहरुलाई समेट्ने प्रयास गरेकी छु ।

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत दिगो, आत्मनिर्भर र समाजवादउन्मुख अर्थतन्त्र निर्माण,
- आर्थिक विकास, गरिवी निवारण र रोजगारीको सिर्जना,
- पुर्वाधार विकास,
- तुलनात्मक लाभ एवं छिटो प्रतिफल दिने विषयहरु
- जनताको जीवस्तर उकास्ने कार्यक्रम
- स्थानीय स्रोत सीप र साधनको प्रयोग एवं स्थानीय सहभागिता
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्याय
- दिगो विकास, वातावरणीय संरक्षण तथा संम्वर्द्धन
- पारदर्शिता, उत्तरदायित्व, सुचनाको हकमार्फत सुशासनको अभिवृद्धि

६. आगामी आ.व.को बजेट तर्जुमामा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, गाउँपालिकाले लिएको नीति, स्थानीय तहका बुद्धिजिवी एवं प्रभुत्व व्यक्तिहरुबाट प्राप्त सल्लाह सुझाव एवं परामर्शलाई आधार मानि हाल सम्म भएका उपलव्धीहरुलाई संस्थागत गर्दै सिमित स्रोत र साधनको महत्तम सदुपयोग गरी सार्थक र सहभागितामूलक प्रणालि मार्फत नागरिकले खोजेको, रोजेको, चाहेको विकास र समता मूलक समाज निर्माण गर्दै प्रगतीशिल र उदयीमान गाउँपालिकाको रुपमा विकास गर्न यो बजेट केन्द्रित गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाको गत वर्षको यथार्थ ,चालु आर्थिक वर्षको संसोधित अनुमान र वित्तिय परिचालनमार्फत भएका उपलब्धि बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु ।

यस आर्थिक वर्षमा गाउँपालिकामा केन्द्र र प्रदेशबाट हालसम्म वित्तिय समानीकरण, राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानी समेत गरि प्राप्त जम्मा रकममा चालु खर्चमा कुल विनियोजित रु. ६ करोड ८६ लाख ८८ हजार मध्ये ७८ प्रतिशत, पूजीगत खर्चतर्फ विनियोजित रु. ९ करोड ९० लाख ९५ हजार मध्ये ८२ प्रतिशत पूँजीगत खर्च हुने संसोधित अनुमान छ। ससर्त अनुदानको १८ करोड ७४ लाख मध्ये ५० हजार मध्ये ६५ प्रतिशत खर्च भएको छ। गरिब संग विश्वेश्वर कार्यक्रममा १०० प्रतिशत, पि एल.जी.एस पि तर्फ १०० प्रतिशत खर्च प्रगति भएको छ।

७. चालु आर्थिक वर्षमा आन्तरिक आयतर्फ रु ७१ लाख ५० हजार अनुमान गरिएकोमा जेष्ठ मसान्तसम्म ३० लाख ७८ हजार ७ सय ५१ रुपैंया पचास पैसा राजश्व संकलन भएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वजेटको सोच तथा लक्ष्य प्रस्तुत गर्न चाहन्छु।

सोच : दीगो, समन्यायिक, समावेशी विकास मार्फत सुसंस्कृत र समृद्ध महाशिला निर्माण गर्नु बजेटको सोच रहेको छ।

लक्ष्य: उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत महाशिलाबासीको जीवनस्तर सुधार गरी सुखी र खुशी नागरिक बनाउनु बजेटको लक्ष्य रहेको छ।

**उदेश्य:** पुर्वाधारको विकास, सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, खाद्य सुरक्षा, प्राविधिक र व्यवसायिक शिक्षा, रोजगारीको सिर्जना , समावेशी र सामाजिक न्यायमा आधारित समाज, मानवअधिकार, सन्तुलित विकास र उपलब्ध स्रोत साधनको न्यायोचित वितरण वजेटको उद्देश्य रहेको छ।

**सभाध्यक्षज्यू,**

अव म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

**आर्थिक विकास क्षेत्र :** यस क्षेत्रको निम्ति ७ करोड ५९ लाख ७५ हजार ७ सय रकम विनियोजन गरेकी छु। जसबाट..........

१. **महाशिलाको सरोकार एक घर एक रोजगार** भन्ने मुल नाराका साथ सुरु भएको महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्न र यस कार्यक्रमलाई निरन्तरता दिदै त्यसको लागि रु २ करोड २६ लाख ३८ हजार ७ सय रुपैया विनियोजन गरेकी छु। विदेशमा रहेका र शहरमा रहेका युवाहरुलाई गाउँ फर्कि उद्यमी बन्नको निम्ती गाउँमा उद्यम घरमै रोजगारी घर फर्क प्यारा प्यारी कार्यक्रम/व्याज अनुदानको लागि आवश्यक रकम विनियोजन गरेकी छु।

२. कृषिलाई उत्पादनमुखी बनाउदै निर्यातउन्मुख बनाउने उदेश्यको साथ कृषि तथा पशु उधमशिलता कार्यक्रम साझेदारी कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेकी छु। प्रत्येक घरमा गई पशुहरुलाई निःशुल्क जुका माटे र काँसोको औषधि खुवाउन रु अवश्यक रकम विनियोजन गरेकी छु

३. पशुपालनको क्षेत्रमा कृषकलाई थप प्रोत्साहन होस, पशुजन्य उत्पादनमा हामी आत्मनिर्भर बन्न सकौ र लिमे पारकोटे पाडापाडी संरक्षण समेत होस भनी प्रति भैसी सुत्केरी ५०० का दरमा भैसी सुत्केरी कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु। उत्पादन महाअभियानमा हाम्रो ध्यान दुध तरकारी र मासुमा सहकारी मार्फत अनुदान कार्यक्रमका लागि रु १० लाख रकम विनियोजन गरेकी छु।

४. पशु क्षेत्रको विकास, कृषि क्षेत्रमा औजार सहयोग, तालिम, विउ, प्रविधि, विभिन्न फलफुलको विकासको लागि आवश्यक रकम विनियोजन गरेकी छु।

५. मजदुर तथा कृषि मजदुर कल्याणकारी कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु।

६. कृषि तथा पशुक्षेत्रको उत्पादन वृद्धि गरि आयआर्जन र रोजगारी सृजना गर्नका लागि महाशिला गाउँपालिकाको अनुकुल हुने गरि हेफर प्रोजेक्ट नेपालको ३० प्रतिशत र गाउँपालिकाको ७० प्रतिशत लागत साझेदारी हुने गरि रु १ करोड रकम विनियोजन गरेकी छु ।
७. पर्यटन मन्त्रालयको साझेदारीमा महाशिला आश्रम निर्माणका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
८. अलैची विकास कार्यक्रम, मौरी विकास कार्यक्रम र चिया कफि क्षेत्र विकास कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेकी छु ।
९. दलित परिवारले पालेका सवै पशुको विमाको लागि रु आवश्यक रकम विनियोजन गरेकी छु ।
१०. एक वडा एक लघुउद्यम र एक वडा एक अटो कार्यक्रमको लागि बजेट विनियोजन गरेकी छु ।
११. सहकारी सस्तो पसलका लागि अनुदानको व्यवस्था मिलाएको छु ।

**सामाजिक विकास क्षेत्र :**

**यस क्षेत्रको विकासका निम्ति २ करोड २ लाख ८० हजार रुपैंया विनियोजन गरेकी छु । जसबाट.........**

१३. "क" र "ख" वर्गका अपाङगता भएका व्यक्तिलाई सामाजिक सुरक्षा कोष र मासिक भत्ता उपलव्ध गराई जिविकोपार्जनमा सहजताका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
१४.यस महाशिला गाउँपलिकाका सवै विद्यालयमा अंग्रेजी पाठ्यपुस्क अनुदान, विधालय सुशासन प्रवर्द्धन अभिभावक शिक्षा,शैक्षिक भ्रमण,राष्ट्पति रनिङ सिल्ड, विद्यालय मर्मत घेराबार, परीक्षा सञ्चालन, शैक्षिक क्यालेन्डर निर्माण र होमवर्क डायरी, पढ्दै कमाउदै अभियान,प्र अ प्रोत्साहन, अध्यक्ष असहाय वालवालिका छात्रावृत्ती कल्याणकारी कोष, आवासिय विद्यालय, प्रविधिमैत्री शिक्षा विकास तथा पेशागत तालिमका लागि र प्राविधिक धारमा स्नातक तह अध्ययनका लागि यस गाउँपालिकाका ४ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक १ लाख सहायता दिने लगाएतका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
१५.गर्भवति महिलालाई सुत्केरी हुँदा अस्पतालसम्म निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न आवश्यक वजेट विनियोजन गरेकी छु।
१६. महाशिला गाउँपालिकालाई जिरो होम डेलिभेरी लाई निरन्तरता दिन सुत्केरी महिलाको स्वास्थ्य अवस्थाको सुधारको लागि स्वास्थ्य संस्थामा सुत्केरी हुने सुत्केरी महिलालाई कुखुरा वा घिउ सहित घरमा भेट्न जाने उदेश्यले अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु । साथै कुना देखि कोरा सम्म कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
१७. सामाजिक विकृति जाँड रक्सि जुवा तास विरुद्धको अभियानलाई निरन्तरता दिई पूर्ण सार्थकता दिलाउन आवश्यकता बमोजिम खर्च गर्ने गरी आवश्यक रकम विनियोजन गरेकी छु ।
१८. खेलकुद विकास र प्रर्वद्धन तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको लागि समेत आवश्यक रकम विनियोजन गरेकी छु ।
२२ हरेक दुई महिनामा दिर्घ रोगि र वृद्धहरुलाइ घरघरमै गएर निशुल्क उपचार र सुगर प्रेसरको परिक्षण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
२३ वालमैत्री वार्ड घोषणा अभियान, दलित आयआर्जन, जनजाति उत्थान कार्यक्रम, जातिय विभेद विषयक पण्डितहरुलाई प्रशिक्षण कार्यक्रमको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

**पूर्वाधार विकास : यस क्षेत्रको निम्ती १० करोड ३३ लाख रकम विनियोजन गरेकी छु । जसबाट.....**

२३. भोक्सिङ स्वास्थ्य चौकीको लागि रु १६ लाख पाखापानी स्वास्थ्य चौकी निर्माणको लागि रु २३ लाख रकम विनियोजन गरेकी छु ।

२४.गाउँपालिका अर्न्तगतका सडकहरु मर्मत तथा आवश्यक डि पी आर र फुटकर योजना कार्य गर्नका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

२५. विपन्नको घर निर्माण, घडेरी तथा आवास विकास लगाएतका कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

२६. नेपाल सरकारको साझेदारीमा समपुरक अनुदान मार्फत सञ्चालित लुंखु बालाकोट होश्राङ्गदी सडक स्तरोन्नतीको लागि रु १ करोड र लुंखु घन्तरी फलामखानी घण्टे सडक स्तरोन्नतीका लागि रु १ करोड १० लाख र विशेष अनुदानमा महाशिला शिला क्षेत्रमा पूर्वाधार निर्माण शीर्षकमा रु १ करोड विनियोजन गरेकी छु । प्रदेश सरकारको साझेदारीमा समपुरक अनुदान मार्फत प्रशासकीय भवन निर्माणका लागी रु ३ करोड ८० लाख वडा न ४ को वडा कार्यालय भवन निर्माणको लागी रु १ करोड वजेट विनियोजन गरेकी छु । प्रदेश सरकारको विशेष अनुदानमा फलामखानी स्वास्थ्य चौकी निर्माणको लागि रु ४० लाख विनियोजन गरेकी छु ।

**वातावरण तथा जलवायु विपद व्यवस्थापनका लागि २३ लाख ५० हजार रकम विनियोजन गरेकी छु । जसबाट ..........**

२७. गाउँपालिका क्षेत्रमा विभिन्न समयमा आउनसक्ने आकस्मिक विपद तथा संकटको अवस्थामा, आकस्मिक उद्धार तथा राहत उपलब्ध गराउन एक प्रकोप व्यवस्थापन कोष स्थापना गरी सोही कोषबाट रकम खर्च गर्ने गरी आवश्यक रकम विनियोजन गरेकी छु ।

२८. विकास आयोजनाहरु सञ्चालन गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि रु ४ लाख रकम विनियोजन गरेकी छु ।

२९. तारजालि खरिद,अम्रिसो कल्की तथा अन्य विरुवाहरुको वृक्षारोपण, अर्थिङ्ग, वन तथा भु संरक्षणको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासन: यस क्षेत्रमा ४८ लाख १० हजार रकम विनियोजन गरेकी छु । जसबाट.....**

३०. टोल विकास सस्था व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।शिक्षक सेवा र लोक सेवा कक्षा सचालनका लागी रु ३ लाख बजेट विनियोजन गरेकी छु ।

३१. जनताको सूसुचित हुने अधिकारको प्रर्वद्धन गर्दै सार्वजनिक सुनुवाई, डिस्प्ले वोर्ड निर्माण,नक्सा वोर्ड निर्माण न्यायिक समिति क्षमता अभिवृद्धि तालिम तथा सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाट वितरण, घुम्ती शिविर, प्रशासनिक भवनमा सि.सि.क्यामेरा जडान लगायतका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

३२. स्थानीय सेवा ऐन गठन नहुँदा सम्म केही कर्मचारी करार सेवामा निरन्तरता दिई/राखी सेवा प्रवाह सुचारु गरिनेछ। साथै करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइ सेवा निवृत्त जीवनलाई सहज बनाउनका लागि कार्यविधि अनुसार लागु गर्नका लागि रु ८ लाख रकम विनियोजन गरेकी छु ।

**सभाध्यक्षज्यू,**

३३. अव म आगामी बर्षको बजेट विनियोजन र स्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३४. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु ४३ करोड ५४ लाख २५ हजार ७ सय रकम मात्र विनियोजन पेश गरेकी छु । जसमा जम्मा चालु खर्चमा राजश्व बाँडफाँड र आन्तरिक आयबाट कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु ४ करोड ४६ लाख १० हजार, पूजीँगत कार्यक्रम र क्षेत्रगत विकास खर्च तर्फ १८ करोड ३० लाख ३३ हजार रुपैँया शसर्त तर्फ संघीय सरकारको तोकिएको कार्यक्रम रु १७ करोड ८० लाख, शसर्त अनुदान प्रदेश सरकार रु ५० लाख, प्रदेश सरकार समपुरक रु.५० लाख र जिल्ला समन्वय समिति पर्वतको रु.१२ लाख रहेको छ । सामाजिक सुरक्षाको आवश्यक रकम अन्तर सरकारी अख्तियारी मार्फत व्यवस्था

गरिएको छ । संघिय सरकार, अन्य विषयगत मन्त्रालय एवं विभागबाट प्राप्त हुने रकम सहित पुँजीगत खर्च, कार्यक्रम खर्च, विकास खर्च र चालु खर्च गरि जम्मा रु ४३ करोड ५४ लाख २५ हजार ७ सय रुपैंया मात्र व्यय अनुमान पेश गरेकी छु ।

आगामी आ.व. २०८०।८१ को खर्च व्यहोर्ने स्रोतमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान ७ करोड ५ लाख, संघिय सरकार ससर्त अनुदान १८ करोड ४१ लाख, राजश्व बांडफांड बाट ५ करोड २४ लाख ७९ हजार ७ सय रुपैयाँ, सघिय सरकार समपुरक अनुदान १ करोड ५ लाख, विशेष अनुदान १ करोड, त्यस्तै प्रदेश सरकारबाट वित्तिय समानीकरण तर्फ ७३ लाख ४ हजार, राजश्व बांडफाँडबाट २९ लाख ९२ हजार तथा प्रदेश ससर्त अनुदान ४० लाख, समपुरक अनुदान ६० लाख, आन्तरिक राजश्व तर्फ अनुमानित रु ७१ लाख ५० हजार, र यस वर्ष खर्च नभई बाँकी रकम अनुमानित रु २ करोड रहेको छ । संस्कृति तथा पर्यटन मन्त्रालय वाट २ करोड ५० लाख, प्रशासकीय भवनको लागि प्रदेश सरकारबाट रु २ करोड ४० लाख र जिल्ला समन्वय समितिबाट रु.१२ लाख गरी जम्मा रु ४३ करोड ५४ लाख २५ हजार ७ सय रुपैंया मात्र आय अनुमान पेश गरेकी छु ।

**सभाध्यक्षज्यू,**

३५. अव म आगामी आर्थिक वर्ष २०८०/८१ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३६ . कर प्रणालीमा संरचनात्मक सुधार गर्दै करको दर होइन दायरा फराकिलो पार्दै लगिनेछ । कर प्रणालीलाई वैज्ञानिक, अनुमानयोग्य र पारदर्शि प्रणालीको रुपमा विकास गरिनेछ । करयोग्य सवै किसिमको आयलाई करको दायरामा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो पारिनेछ ।

३७. चालु आर्थिक वर्षमा लगाईएका करका दरहरुमा सामान्य हेरफेर गरेको छु । साथै करको दायरा विस्तार गर्न थप केही कराधार थप गरिएको छ ।

३८. गत आ.व.को यथार्थ खर्च, चालु आ.व.को संसोधित खर्च अनुमान र आगामी आर्थिक वर्षको अनुमानित आय व्ययलाई अनुसूचीमा उल्लेख गरेकी छु ।

अन्त्यमा, बजेट निर्माणको लागि मार्गदर्शन गर्नु हुने श्रीमान अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि, सम्पूर्ण कर्मचारीहरु प्रति आभारी छु । विभिन्न विषयगत समिति, राजनीतिक दल, सरकारी एवं गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजिवी एवं आम महाशिला बासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै आगामी आर्थिक वर्षको बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेकी छु ।

**धन्यवाद ।**

**धनसुवा वि.क.**
उपाध्यक्ष
महाशिला गाउँपालिका

# ७.१ आय तथा व्ययको प्रक्षेपण

## अनुसूची १

| शीर्षक आय | आ.व. २०८०/०८१ को अनुमान |
|---|---|
| राजस्व | ४३५४२५७०० |
| **आन्तरिक श्रोत** | **७१५००००** |
| ११३१४ भुमिकर/मालपोत | २८००००० |
| ११३२१ घरवहाल कर | १०५००० |
| ११३२२ एकिकृत सम्पत्ति कर | ५०००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ६००००० |
| १४२४३ सिफारिश दस्तुर | २४००००० |
| १४२६५ अन्य क्षेत्रको आय | ४३४००० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ६०००० |
| १४५२९ अन्य राजस्व | ४९५००० |
| ११३२२ वहाल विटोरी कर | ५०००० |
| १४६११ व्यवसाय कर | १५६००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | **५५४७१७००** |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्तःशुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | ५२४७९७०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २९९२००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| संघीय सरकार | **३००३०००००** |
| १३३११ समानिकरण अनुदान | ७०५००००० |
| १३३१२ शसर्त अनुदान | १८४१००००० |
| समपुरक अनुदान | १०५००००० |
| विशेष अनुदान | १००००००० |
| अन्य अनुदान पर्यटन मन्त्रालय साझेदारी | २५२००००० |
| प्रदेश सरकार | ४१३०४००० |
| प्रशासकीय भवन निर्माण समपुरक साझेदारी | २४०००००० |
| १३३११ समानिकरण अनुदान | ७३०४००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | |
| विशेष अनुदान | ४०००००० |
| समपुरक अनुदान | ६०००००० |
| जिल्ला समन्वय समिति पर्वत | **१२०००००** |
| जिल्ला समन्वय समिति पर्वत | १२००००० |
| वित्तीय व्यवस्था (प्राप्ति) अन्य आय | १००००००० |
| बजेट न्यून (-) गत वर्षको मौज्दात | २००००००० |

**व्यय तर्फ**

| नेपालको संविधानको धारा २२९ बमोजिम संचित कोषवाट विनियोजन हुने रकम रू | | |
|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ९५००००० |
| २११२१ | पोशाक | ४५०००० |
| २११३१ | स्थानीय भत्ता | २५०००० |
| २११३२ | महंगी भत्ता | ४५०००० |
| २११३९ | अन्य भत्ता | १००००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ५००००० |
| २११४२ | पदाधिकारी सुविधा | ७५००००० |
| २२१११ | सञ्चार महशुल | २००००० |
| २२२१२ | इन्धन पदाधिकारी र कार्यलय प्रयोजन | १४००००० |
| | व्याकहु लोडर मर्मत | ५००००० |
| २२२१३ | सवारी साधन मर्मत | १२००००० |
| २२२१४ | विमा तथा नविकरण | २५०००० |
| २२२२१ | मेशिनरी, औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४००००० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १४००००० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | १००००० |
| २२३१५ | सूचना तथा विज्ञापन | ४००००० |
| २२४१३ | करार सेवा शुल्क | १०००००० |
| २२५२९ | विविध खर्च | १०००००० |
| २२६११ | अनुगमन मुल्याङकन खर्च | १०००००० |
| २२६१२ | भ्रमण खर्च | ११००००० |
| २८१४२ | घरभाडा | २००००० |
| | अतिथि सत्कार | २५०००० |
| | कर्मचारी र शिक्षकलाई प्रोत्साहन र पुरस्कार | २००००० |
| | पानी तथा बिजुली | २००००० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी भाडा | ३००००० |
| | कर्मचारी बैठक भत्ता | १००००० |
| | सभा सञ्चालन खर्च | १५०००० |
| | करार कर्मचारीलाई सामाजिक सुरक्षा कोष | ८००००० |
| | पर्यटन काज | ५००००० |
| | उपभोक्ता समिति अभिमुखिकरण | १००००० |
| | कानुन कार्यविधि निर्माण विशेषज्ञ सेवा | १००००० |

| | | |
|---|---|---|
| | जात्रा उत्सव दिवश समारोह | १००००० |
| | फर्निचर एण्ड फिक्स्चर्स | २५००००० |
| | लक्षित वर्ग सम्मान कार्यक्रम | १००००० |
| | मध्यकालिन खर्च संरचना | ५००००० |
| | वडा कार्यलय मसलन्द तथा कार्यलय सामग्री | ८१०००० |
| | **जम्मा** | ४४६१०००० |
| **पालिका तर्फ** | | |
| **संकेत नं.** | **शीर्षक** | **आ.ब. २०८०।०८१ को बजेट** |
| **१०** | **आर्थिक विकास** | **७६०२५७००** |
| १०१० | कृषि | १२९५६००० |
| | पशु विकास र औषधी | १०००००० |
| | लिमे पारकोटे पाडापाडी संरक्षण भैसी सुत्केरी भत्ता ६०० भैसीलाई | ३००००० |
| | मौरी विकाश कार्यक्रम | १००००० |
| | अलैचि विकास कार्यक्रम | ३००००० |
| | कृषि औजार उपकरण सहयोग | ५००००० |
| | कम्पोष्ट मल निर्माण कार्यक्रम | २००००० |
| | चिया र कफी क्षेत्र विकास | १००००० |
| | फलफूलका तथा काष्ठफल विरुवा अनुदान | २००००० |
| | पक्की सडक छेउ हरित सडक कार्यक्रम टोल विकास संस्थासंग सहकार्य | ५६००० |
| | हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा गरिने कार्यक्रम | १०००००००० |
| | साना सिचाई र थोपा सिचाई | २००००० |
| १०२० | उद्योग तथा वाणिज्य तथा रोजगार | १३८१००० |
| | एक वार्ड एक लघु उधम ( पाँच लाख सम्म अनुदान) | ५००००० |
| | एक वडा एक अटो कार्यक्रम ६० प्रतिसत अनुदान | ४२०००० |
| | लघु उधम कार्यक्रम | ३००००० |
| | उधमि प्रोत्सान कार्यक्रम | १००००० |
| | उधोग तपाइको विधुत हाम्रो कार्यक्रम | ६१००० |

| | | |
|---|---|---|
| | | १३८१००० |
| १०३० | पर्यटन साझेदारी र समपूरककोष | ३९०००००० |
| | महाशिलाको शिला क्षेत्रमा आश्रम निर्माण (संघिय सरकारबाट प्राप्त हुने) | २५२०००००० |
| | महाशिलाको शिला क्षेत्रमा आश्रम निर्माण (गाउँपालिकाबाट विनियोजन हने) | ३३०००००० |
| | महाशिला पुर्वधार संघिय विशेष | १०००००००० |
| | अन्य क्षेत्रको पर्यटन पूर्वाधार विकास | ५०००००० |
| | | ३९०००००० |
| १०४० | **महाशिला विकास स्वयंसेवक कार्याक्रम** | २२६३८७०० |
| | निर्माण स्वंयसेवक खर्च | १७०००००० |
| | शिक्षक, खानेपानि र अन्य संस्थागत स्वमंसेवक | ५०००००० |
| | पोषक खर्च | ३०००००० |
| | निर्माण सामाग्री र सेप्टी सामाग्री | २३८७०० |
| | विमा | १०००००० |
| | | २२६३८७०० |
| १०५० | सहकारी | ५००००० |
| | नेतृत्व विकास, र व्यावसयिक योजना र लेखा व्यावस्थापन तालिम महिला विकास सहकारी समुह | ५००००० |
| | | ५००००० |
| **२०** | **सामाजिक विकास** | **२०१८००००** |
| २०१० | शिक्षा | १५३८०००० |
| | विद्यालय शुसासन प्रवर्द्धन अभिभावक शिक्षा | १५००००० |
| | सवै विद्यालयमा अग्रेजी पाठ्य पुस्तक अनुदान | ६०००००० |
| | शैक्षिक भ्रमण | ४०००००० |
| | शिक्षाको वाल कक्षा व्यावस्थापन | १०००००० |
| | विद्यालय मर्मत घेरावार | २०००००० |
| | शैक्षिक सामाग्री लगायत क्षमता तालिम | २०००००० |
| | परिक्षा संचालन | ५०००००० |
| | शैक्षिक क्यालेण्डर र होमवर्क डायरी व्यावस्थापन | १५००००० |
| | उच्च मा.वि. शिक्षा अध्यायन सहयोग कार्यक्रम | ३०००००० |
| | उच्च शिक्षा अध्यायन सहयोग कार्यक्रम | ५०००००० |

| | | |
|---|---|---|
| | राष्ट्रपति रनिङ्ग सिल्ड | ५००००० |
| | प्रअ वैठक झोला डायरी स्टेशनरी व्यावस्थापन | २००००० |
| | स्थानिय पाठ्यक्रम विकास १ देखी ८ | ५००००० |
| | प्रविधि मैत्रि शिक्षक विकाश कार्यक्रम | ५०००० |
| | पालिका स्तररिय स्काउट क्रियाकलाप र प्रतियोगिता कार्यक्रम सहयोग | २००००० |
| | अध्यक्ष असहाय वालवालिका छात्रवृति तथा कल्याणकारी कोष | १००००० |
| | पैयु गुर्धुम प्रा.वि. मर्मत | ५०००० |
| | क्याम्पस अनुदान | ६००००० |
| | व्यावसायिक शिक्षा अनुदान र पूर्वाधार सहयोग | १००००० |
| | वासका र कार्यालय सहयोगी र लेखापाल तलव थप | ३०००००० |
| | अतिरिक्त क्रियाकलाप संचालन | २००००० |
| | महेद्रोदय मावि खेलमैदान | १५०००० |
| | सगरमाथा आवि छाना मर्मत | १५०००० |
| | मदन आश्रीत विद्यालय घेरावार | १००००० |
| | फलामखानि आधारभुत विद्यालय घेरावार | १००००० |
| | सरास्वती आ.विद्यालय खेलमैदान निर्माण | १००००० |
| | शिवालय प्रावि रङ्ग तथा भित्ते लेखन | ५०००० |
| | पढ्दै कमाउदै अभियान | १५०००० |
| | प्र.अ. प्रोत्साहन | ३००००० |
| | नमुना शिक्षण कार्यक्रम | १८०००० |
| | शैक्षिक अनुगमन | १००००० |
| | आवाशिय विधालय कार्यक्रम | ४८००००० |
| | विद्यालयको कोठा निर्माण र मर्मत रंग रोगन | ६००००० |
| | | १५३८०००० |
| २०२० | स्वास्थ्य | १७००००० |
| | स्वास्थ्य संस्था औषधी लगायत अत्यावश्यक सेवा | ७००००० |
| | दिर्घरोगी र बृद बृदालाई मासिक स्वस्थ्य परिक्षण कार्यक्रम | २००००० |
| | वानहार्ट संग साझेदारी कार्यक्रम | ३००००० |
| | प्रसुति सेवा निशुल्क एम्बुलेन्स सेवा | ३००००० |

| | | |
|---|---|---|
| | अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम कुखुरा वा घिउ रु. २००० | २००००० |
| | | १७००००० |
| २०३० | खानेपानी तथा सरसफाइ | ८००००० |
| | खानेपानी पाईप खरिद | ५००००० |
| | लिफ्ट खानेपानीको विधुत महशुल अनुदान पाईप | ३००००० |
| | | ८००००० |
| २०४० | संस्कृति प्रवर्द्धन | ४००००० |
| | गुम्वा मठ मन्दिर देवालय मर्मत संरक्षण | ३००००० |
| | सामाजिक विकृति जाँड रक्सी जुवा तास विरुद्धको अभियान | १००००० |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ११००००० |
| | खेलकुद र सामाग्री क्लव सहयोग | ८००००० |
| | खेलमैदान सहयोग | ३००००० |
| | | ११००००० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | ८००००० |
| | वाल मैत्री वार्ड घोषण अभियान कार्यक्रम गैसस परिचालन | २००००० |
| | दलित आय अर्जन कार्यक्रम | १००००० |
| | जनजाती उत्थान कार्यक्रम | १००००० |
| | जातिय विभेद विषयक पण्डीतहरुलाई प्रशिक्षण | १००००० |
| | कुना देखी कोरा सम्म महाशिला भेटी कार्यक्रम प्रति घर रु५००० | ३००००० |
| | | ८००००० |
| **३०** | **पूर्वाधार विकास** | **१०३३००००००** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ४८९००००० |
| | लुंखु वालाकोट होश्राङ्गदी सडक समपुरक साझेदारी ( संघ सरकार ५००००० लाख ) | १०००००००० |
| | घण्टे फलामखानि घन्तरी लुंखु सडक स्तर उन्नती ( संघ सरकार ५५०००० लाख ) | ११००००००० |
| | भोग्सींग स्वास्थ्य भवन | १६००००० |
| | पाखापानि स्वास्थ्य भवन | २३००००० |
| | पैयु भञ्याङ्ग होश्राङ्गदी अगुवा सडक सुधार विस्तार १ | १०००००० |
| | अगुवा अर्गाउँदी रिचे प्रोचु सडक सुधार विस्तार १ | ५००००० |

| | | |
|---|---|---|
| | मुन्दुथान देखि धारामुनी पानि टंकीसम्म सडक निर्माण १ | २००००० |
| | जौखेत सिंचाइ पोखरी मर्मत १ | २००००० |
| | टोडके चुचेढुंगा सडक निर्माण तथा मर्मत १ | २००००० |
| | सुर्य मा.वि. ठानाटोल गोरेटो वाटो निर्माण १ | १५०००० |
| | जम्पुर होम स्टे शौचालय निर्माण १ | १००००० |
| | पुर्णगाउँ वासतला मोटर वाटो १ | १००००० |
| | भोग्सींग सर्वुडाडा खोलाखर्क सडक २ | १३००००० |
| | आलु भण्डार भुइ ढलान ट्रे निर्माण २ | १००००० |
| | आलु भण्डार तला थप्ने वागमारा २ | १००००० |
| | बैठक घरमा शौचालय निर्माण इन्द्रेनि टोल २ | १००००० |
| | लामिछाने थर आलु भण्डारमा चिस्यान वनाउने २ | १००००० |
| | खालिडाडा सार्वजनिक शौचालय २ | १००००० |
| | देउराली सामुदायिक भवन मर्मत २ | २००००० |
| | काउले आलु भण्डार झ्याल ढोका तथा ट्रे निर्माण २ | १००००० |
| | वडाकाकार्यलय मर्मत २ | २००००० |
| | सर्वडाडा च्यानडाडा प्रतिक्षालय निर्माण २ | १००००० |
| | वडाकाकार्यलय लामडाडा सडक मर्मत २ | १००००० |
| | भोग्सङ पैयुभञ्ज्याङ्ग सुभद्रीखर्क सडक २ र १ | ८००००० |
| | खोलाखर्क व्याटमेन्टी खेल मैदान २ | १००००० |
| | वालाकोट पाखुरे सडक | ५००००० |
| | नियाली दियालीडाडा पाल्ले सडक स्तरउन्नति ३ | ८००००० |
| | स्वस्थ्य इकाई भवन व्यवस्थापन हिरुखर्क ३ | २००००० |
| | कृष्णगोपाल स्मृति भवनमा शौचालय निर्माण ३ | २००००० |
| | पाल्ले खेलमैदान मर्मत ३ | २००००० |
| | लामे वालाकोट काफलडाडा सडक स्तर उन्नति ३ | २००००० |
| | सिल्ले चाउकाडाडा प्रतिक्षालय निर्माण ३ | १५०००० |
| | उपल्लो पधेरा खेलमैदान दियालिडाडा सडक ३ | १५०००० |
| | धर्मभकारी सामुदायिक भवन मर्मत ३ | १००००० |

| | | |
|---|---|---|
| | वालारानि मन्दिर टस भवन निर्माण ३ | १५०००० |
| | अधेरीखोला सम्म हुदै घर्लुङ्ग सिचाई कुलो ३ | १५०००० |
| | सारथान घोरेटो वाटो निर्माण ४ | १००००० |
| | सिठेनि सिंचाई कुलो ४ | १००००० |
| | गानावाङ्ग सिंचाई पोखरी निर्माण ४ | १००००० |
| | धुवाकोट मन्दिर व्यावस्थापन ४ | ३०००० |
| | पाखापानि कुवा मर्मत ४ | ७०००० |
| | ओडारे प्रतिक्षालय निर्माण ४ | १००००० |
| | फौसीन्डाडा प्रतिक्षालय निर्माण ४ | १५०००० |
| | स्वास्थ्य चौकि छानो मर्मत ४ | १००००० |
| | टिउरे सिचाई कुलो ४ | २००००० |
| | कमिडाडा पैयुँडाडा सडक निर्माण ४ | २५०००० |
| | स्वधर्म घुम्ती देखि नानि खर्क सडक मर्मत ४ | ३००००० |
| | लामतुन टिउरे दमैडाडा | ५००००० |
| | मल्कवाङ्ग गानावाङ्ग लुङखु सडक ४ र ५ | १०००००० |
| | लुङखु वान्द्रे धनुवासे शेरा सडक ५ | ४००००० |
| | सृजनसिल आमा समुह भवन प्लास्टर ५ | १००००० |
| | लामेटोल विकास संस्था प्रतिक्षालय ५ | १००००० |
| | कुखुरे साहुघर नाइकापाखा हुदै महेन्द्रज्योती घोरेटो वाटो ५ | १००००० |
| | चिसापानि खोलाबाट विकटोल आहाले दौरामानी पुरानो माटोखानि लामास्वारा मुलागैरा पल्लो खोपा सिंचाई ५ | २००००० |
| | जोरकाफ्ला हुदै काउले सडक ढलान ५ | ३००००० |
| | बगालथर डाडखर्क हुदै थुम सडक (दुक्तान ढाँड थुम खण्ड) ५ | २५०००० |
| | साहुथर साङले चनौटे हुदै डेलडाडा सडक स्तरउन्नती | ३००००० |
| | वडा कार्यलय गेट निर्माण ६ | १००००० |
| | घन्तरी सम्सान घाट टस निर्माण ६ | १००००० |
| | वालाकोट पधेरा टंकी निर्माण ( पात्ला) ६ | १५०००० |
| | वडा कार्यलय बनपाला खुरखुरे डाँडा पैदल मार्ग( ६ | १००००० |
| | बिरालो गाडे , ओखरबोट सडक निर्माण (रुपेश्वारा) ६ | ३००००० |

| | | |
|---|---|---|
| | कडेनि आमा समुह शौचालय निर्माण तथा भवन प्लास्टर ६ | १५०००० |
| | आमा समुह भवन निर्माण सिस्नेरी ६ | १००००० |
| | योजनाका डिपिआर तथा परामर्श | ५००००० |
| | फट्कर योजनाहरु | ५०००००० |
| | झोलुङ्गे पुल साझेदारी | ६००००० |
| | सम्पुण सडक सरसफाइ तथा सुधार विस्तार व्याकलोडर मार्फत ( इन्धन ) | ३५००००० |
| ३०३० | सिंचाई | ५००००० |
| ३०२० | भवन तथा सहरी विकास | ५३३००००० |
| | गाउँपालिका प्रशासकीय भवन निर्माण साझेदारी गा.पा. | १४०००००० |
| | गाउँपालिका प्रशासकीय भवन निर्माण साझेदारी प्रदेश सरकार | २४०००००० |
| | विपन्नको घर निर्माण | ८००००० |
| | पाखापानि वडा कार्यलय निर्माण गाउ पालिका | ४०००००० |
| | पाखापानि वडा कार्यलय निर्माण प्रदेश सरकार | ६०००००० |
| | फलामखानी स्वास्थ्य चौकी निर्माण प्रदेश सरकार विशेष | ४०००००० |
| | सार्वजनिक निर्माण र मर्मतसुधार | ५००००० |
| | | ५३३००००० |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | ४००००० |
| | गापाका वार्डहरुमा सोलर सहितको व्याकअप मर्मत | ३००००० |
| | विद्युत साथै सडक वत्ति सहयोग मर्मत | १००००० |
| | | ४००००० |
| ३०५० | सञ्चार | २००००० |
| | सञ्चार महशुल | 200000 |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **२४५००००** |
| १ | विपद व्यवस्थापन कोष | २००००० |
| २ | तार जाली खरिद | ५००००० |
| ४ | बन व्यवस्थापनको लागि औजार खरिद उद्यम विकास र अनुकुलन योजना सहयोग | २००००० |
| ७ | अम्रिसो कल्लकी तथा अन्य विरुवाहरुको वृक्षारोपण | १००००० |

| | | |
|---|---|---|
| ११ | स्थानिय वन विज्ञ सम्मेलन | १००००० |
| १३ | पानी मुल, सिमसार तथा पोखरी संरक्षण | १००००० |
| १४ | स्वास्थ्य विमामा विपन्नलाई प्रीमियममा छुटकालागि | १००००० |
| १५ | सर सफाई सार्वजनिक शौचालय | २००००० |
| १६ | विभिन्न ठाउँमा अर्थिङ कार्यक्रम | ३००००० |
| १८ | वातावरणिय प्रभाव मुल्यांकन | ४००००० |
| २० | पुर्ण सरसफाइ कार्यक्रम | १५०००० |
| | विपद सामग्री खरिद | १००००० |
| | जम्मा | २४५०००० |
| **५०** | **सुशासन तथा सेवा प्रवाह तर्फ** | **४८१००००** |
| **१** | कर्मचारी क्षमता विकास | २००००० |
| **२** | सार्वजनिक सुनुवाई | १५०००० |
| **३** | घुम्ती शिविर | १५०००० |
| **४** | जनप्रतिनिधि क्षमता विकास | २००००० |
| **५** | नक्सा बोर्ड | २००००० |
| **६** | न्यायिक समिति क्षमता अभिवृद्धि तालिम | ४००००० |
| **७** | सामाजिक सुरक्षा भत्ता वडा वाट वितरण कार्यक्रम | ४००००० |
| **८** | सामाजिक सुरक्षा अध्यावधिक तथा सचेतना | १५०००० |
| **९** | मालपोतको लगत व्यवस्थापन | ५०००० |
| **११** | प्रहरी लगायत सुरक्षा व्यवस्थापन निकाय सहयोग | १५०००० |
| **१२** | संघ संस्था, आमा समूहहरुलाई सामग्री सहयोग | ३००००० |
| **१३** | सिसि क्यामारा अनुगमन कक्ष | ६००००० |
| **१४** | शिक्षक सेवा र लोक सेवा कक्षा संचालन | ३००००० |
| **१५** | टोल विकाश संस्था व्यवस्थापन | ५६०००० |
| **१६** | डिस्प्ले बोर्ड | २००००० |
| **१८** | पत्र पत्रिका सहयोग | २००००० |
| **१९** | आर्थिक सहायता रकम | ६००००० |
| कुल जम्मा | | **२५१३७५७००** |

| | | |
|---|---|---|
| २० | हेफर प्रोजेक्ट नेपालसँग साझेदारीमा गरिने योजनाहरु | |
| १ | उत्पादन महाअभियान दुध, तरकारी र मासुमा पशु विमामा अनुदान सहकारी मार्फत (साझेदारी मार्फत गर्ने) | १०००००० |
| २ | कृषि उत्पादन वजारीकरण सहयोग अनुदान कार्यक्रम (साझेदारी मार्फत गर्ने) | ३००००० |
| ३ | बाँझो जग्गा खेति कार्यक्रमलाई जोताई प्रति रोपनि १००० कार्यक्रम | १००००० |
| ४ | वाँझो जग्गा तरुल फर्सी आदि खेति | १००००० |
| ५ | दलित परिवारले पालेका सबै पशुको विमा कार्यक्रम (साझेदारी बाट गरिने) | ८००००० |
| ६ | कृषि पूर्वाधार (टनेल आदि ) (साझेदारीबाट गरिने) | ५००००० |
| ७ | सहकारी सस्तो पसल १ लाख अनुदान कार्यक्रम सहयोग (साझेदारीबाट गरिने) | १००००० |
| ८ | घर फर्क प्याराप्यरी अभियान र बसाई फर्क अभियान व्यावसायमा बैंक व्याज र खाधन्न अनुदान (साझेदारीबाट गरिने) | ५००००० |
| ९ | महिला आय आर्जन कार्यक्रम (साझेदारीबाट गरिने) | २००००० |
| **जम्मा** | | **३६०००००** |

**१ नं. वडा होश्राङ्गदीमा गाउँपालिकाको डोजर र स्वयंसेवकबाट गरिने योजनाहरुः**

| **क्र.सं** | **योजनाको नाम** | **कैफियत** |
|---|---|---|
| १ | गढि जम्पुर शुभद्रीखर्क सडक | |
| २ | पैयुंभञ्ज्याङ्ग,सिगारकोष, गडिसडक | |
| ३ | कोलडाडा ढोलिखर्क सडक | |
| ४ | ओखर गैरा कोलडाँडा सडक | |
| ५ | गडि, गुर्धुम,पुर्णगाउँ, जौखेत सडक | |
| ६ | गडि नयाँघरे सडक | |
| ७ | लुखुरे, गुम्बा,अकलादेवी सडक | |
| ८ | लुखुरे,कलेनडाडा वास्तोला सडक | |
| ९ | भडखला,घ्याउसरा सडक | |
| १० | वडा कार्यलय अर्गाउँदि सडक | |
| ११ | सुर्य मा.वि टोड्के चुच्चे ढुङ्गा सडक | |
| १२ | अगुवा, ठुलो ढुङ्गा गोरादी, हमालको घुम्ति सडक | |
| १३ | अगुवा,अर्गाउँदी रिचे,प्रोचु,अर्ख भञ्ज्याङ्ग सडक | |
| १४ | वाई चोक(लक्ष्मिदय आ.वि) मुन्दुथान सडक | |
| १५ | डाँडाघर सडक | |
| १६ | कमेरेपानी लामाखर्क सडक | |
| १७ | ठकुरी,पौडेलथर, वगर, रानिपानि सडक | |
| १८ | काउले गैरा सडक | |
| १९ | गैरि पोखरी खेल मैदान मर्मत विस्तार | |

| | | |
|---|---|---|
| २० | पैयँकोट रिङरोड सडक विस्तार योजना | |
| २१ | अगुवा, होश्राङ्दी,शुभद्रिखर्क, गढि,पैयुंभञ्याङ्ग | |
| २२ | पैयुँभञ्याङ्ग, होश्राङ्दी,जैविरे मोटरवाटो | |
| २३ | लुखुं,बालाकोट, होश्राङ्दी, कलेनडाँडा, पुर्णगाउँ वेउलिवास सिमाना | |
| २४ | पलासे, आउँसरा,स्वामीडाँडा, गोरेटो वाटो | |
| २५ | घ्याउँसरा, कोलेथर, पार्कुना,डाँडाघर गोरेटो | |
| २६ | गोबानसिंह, गोरादी, खानिमोहर गोरेटो वाटो | |
| २७ | पार्कुना, गौँडा,अल्छीडाँडा गोरेटो वाटो | |
| २८ | माइथान, तल्ला खर्क गोरेटो वाटो | |
| २९ | माईथान, चौकी, विसौना गोरेटो वाटो | |
| ३० | ठुलोपधँरा, जौपानि गैरा, अयरथान गोरेटो वाटो | |
| ३१ | कलेनडाँडा, तल्लाखर्क,लुखुरे, भयरथान, गैराबारी गोरेटो वाटो | |
| ३२ | भयरथान, भडखाला,घ्याउँसरा गोरेटो वाटो | |
| ३३ | कालिकाठे देखि सारुटोल गोरेटो वाटो | |
| ३४ | गोरादी घुम्ति, सुवेदी डाँडा मोटर वाटो विस्तार | |
| ३५ | कटहरे घुम्ति देखि आउँसरा मोटर वाटो | |
| ३६ | खलेगरा देखि ठूलो पहिरो सम्म गोरेटो वाटो | |
| ३७ | खहरेगैरा देखि स्वामिडाँडा गोरेटो वाटो | |
| ३८ | पैयुँ दलित वस्ति देखि सुनपोखरी सम्म गोरेटो वाटो | |
| ३९ | वास्तला पैयुंकोट गोरेटो वाटो | |
| ४० | छ विसे देखि सिँगारकोस सम्म गोरेटो वाटो | |
| ४१ | पुर्णगाउँ पैयुँकोट गोरेटो वाटो | |
| ४२ | गोलादु, नेवारी डाँडा गोरेटो वाटो निर्माण | |
| ४३ | देराकु देखि स्कुल ढिक सम्म गोरेटो वाटो (अर्गाउँदी) | |
| ४४ | पैयुँभञ्याङ्ग कमेरे भिर मोटर वाटो | |
| ४५ | नाकेडाडा देखि प्रोचुसम्म गोरेटो वाटो अर्गाउदी | |
| ४६ | जौखेत दलित वस्ति गोरेटो वाटो | |
| ४७ | टोड्के सानापानि अयरथान गोरेटो वाटो | |
| ४८ | जौखेत तल्लो गोरादी मोटर वाटो | |

**२ वडा भोक्सिङ्गमा गाउँपालिकाको डोजरबाट गरिने योजनाहरुः**

| **क्र.सं.** | **योजनाहरुको नाम** | **कैफियत** |
|---|---|---|
| १ | वडा भित्रको सम्पूर्ण सडक सरसफाई | |
| २ | विभिन्न शाखा सडकहरु स्तरोन्नती | |
| ३ | वडा भित्रको सडकहरुको नालि खन्ने | |

| २ वडा भोक्सिङ्गमा महाशिला विकास स्वयंसेवकहरुबाट गरिने योजनाहरु : | | |
|---|---|---|
| **क्र.सं.** | **योजनाहरुको नाम** | **कैफियत** |
| १ | पाखुरेमा अधुरो रहेको ठाडो गोरेटोबाटो निर्माण | पाखुरेटोल |
| २ | बाघमारा डाँडा देखि बसेनी सम्मको गोरेटोबाटो निर्माण | बाघमारा टोल |
| ३ | महेन्द्रोदय मा.वि. देखि सिद्धथान सम्मको गोरेटोबाटो मर्मत | इन्द्रेणी टोल |
| ४ | गुरुङ्गगाउँ खोरगैरा मोटरबाटो सोलिङ नालि | इन्द्रेणी टोल |
| ५ | स्कुल गेट देखि घुम्ती सम्मको सोलिङ्ग | खालडाँडा टोल |
| ६ | महेन्द्रोय मा.वि. देखि बसेनी गोरेटोबाटो निर्माण | खालडाँडा टोल |
| ७ | लमीडाँडा दोवनखोला गोरेटोबाटो मर्मत | लमिडाँडा टोल |
| ८ | लामिछाने थर खानीकुवा देखि आलु स्टोर हुँदै मोटरबाटो सम्म गारेटो निर्माण | लमिडाँडा टोल |
| ९ | खोलाखर्क देखि चाउका डाँडा सम्मको गोरेटोबाटो सोलिङ सिँडी | सर्वुडाँडा टोल |
| १० | कुलडाँडा देखि चाउका डाँडा गोरेटोबाटो निर्माण | सर्वुडाँडा टोल |
| ११ | देउराली देखि काउले सम्म सिँडी निर्माण | देउराली |
| १२ | देउराली देखि मन्केडाँडा खोल्सा हुँदै चिहानडाँडा गोरेटोबाटो | देउराली टोल |
| १३ | थुम्काडाँडा देखि मन्केडाँडा खोल्सा सम्म गोरेटोबाटो | मन्केडाँडा टोल |
| १४ | बैद्ध गुम्बा चिती सडक सोलिङ, नालि | सर्वुडाँडा टोल |
| १५ | बाघमारा पाखुरे सडक नालि र सोलिङ | पाखुरे टोल |
| १६ | बाघमारा डाँडा देखि बसेनी सडक नालि र सोलिङ | बाघमारा टोल |
| १७ | खोलाखर्क मन्केडाँडा थुम्का डाँडा सम्म नालि र सोलिङ | मन्केडाँडा टोल |
| १८ | दोभानखोला सर्वुडाँडा चाउकाडाँडा गोरेटोबाटो सिँडी र सोलिङ | सर्वुडाँडा टोल |
| १९ | खोलखर्क वेतनी गोरेटोबाटो | सर्वुडाँडा टोल |
| २० | देउराली वेतनी डुडेखोरिया गोरेटोबाटो निर्माण | देउराली डाँडा |
| २१ | खोलाखर्क मन्केडाँडा मोटरबाटो सोलिङ्ग/नाली | मन्केडाँडा टोल |
| २२ | क्युडाँडा छहरी खोला सर्वुडाँडा चिती गोरेटोबाटो निर्माण | सर्वुडाँडा टोल |
| २३ | बौद्धगुम्बा लामिडाँडा गोरेटोबाटो निर्माण | सर्वुडाँडा टोल |
| २४ | वडा कार्यालय छरछरे सडक सोलिङ र नालि स्तरोन्ती | लामडाँडा |
| **३ वडा बालाकोटमा गाउँपालिकाको डोजर र स्वयंसेवकबाट गरिने योजनाहरुः** | | |
| **क्र.सं.** | **योजनाहरुको नाम** | **कैफियत** |

| | | |
|---|---|---|
| १ | धनुवास हिरखर्क कोलडाँडा दह सडक | |
| २ | मुसुरबारी बाटे विसौना गोरेटो बाटो | |
| ३ | बाँझे दियालीडाँडा सडक निर्माण | |
| ४ | नियाली दियालीडाँडा सडक स्तरोन्नती | |
| ५ | बाझा पौडेलथर गोरेटो बाटो | |
| ६ | लामे बालाकोट गोरेटो बाटो | |
| ७ | बालाकोट मंडली मन्दिर गोरेटो बाटो | |
| ८ | निगाली दियालीडाँडा गोरेटोबाटो | |
| ९ | भिरकुना मकैखोले घन्तरे गोरेटोबाटो | |
| १० | भरुवा घरबारी गोवाने गोरेटोबाटो | |
| ११ | लामे खोरेडाँडा मोटरबाटो स्तरोन्नती | |
| १२ | विसौना कोलडाँडा गोरेटोबाटो | |
| १३ | गंगाधर गुफा निगाली दियालीडाँडा सडक विस्तार | |
| १४ | काफलडाँडा पात्ले घन्तरे सडक विस्तार | |
| १५ | दह गोवाने दियालीडाँडा सडक | |
| १६ | सेरादेखि ढुङ्गे सडक विस्तार | |
| १७ | लामे बालाकोट काफलडाँडा सडक विस्तार | |
| १८ | सित्ले विसौना गोरेटोबाटो | |
| १९ | होमस्टे देखि दह गाउँ गोरेटो बाटो | |
| २० | झरुवा बालारानी गोरेटोबाटो | |
| २१ | फाल्कु बारेडाँडा गोरेटोबाटो | |
| २२ | बालारानी मन्दिर पदमार्ग | |
| २३ | बारेडाँडा देखि लाल बहादुरको घर सम्मको मोटरबाटो | |
| २४ | बालाकोट रातोभिर गोरेटोबाटो | |
| २५ | उपल्लो पँधेरा देखि दियालीडाँडा खेल मैदान सम्म मोटरबाटो | |
| २६ | काफलडाँडा दियालीडाँडा सडक विस्तार | |

**वडा नं. ४ वडामा  वडा बालाकोटमा गाउँपालिकाको डोजर र स्वयंसेवकबाट गरिने योजनाहरु:**

| क्र.सं. | योजनाहरुको नाम | कैफियत |
|---|---|---|
| १ | मन्दिर देखि नाटे गोरेटो वाटो | |
| २ | सम्मेनी देखि नया चौपारी गोरेटो वाटो | |
| ३ | दवदबे देखि उपन्डाँडा गोरेटो वाटो | |
| ४ | लामाघर गोरेटो वाटो | |
| ५ | नयाँगाउ चिप्लेखोला देखि स्कुल गोरेटो वाटो | |
| ६ | पाखीवोट कोल्यारी गोरेटो वाटो | |

| | | |
|---|---|---|
| ७ | आरुवोट पाखीवोट गोरेटो वाटो | |
| ८ | दारेगौडा पाखीवोट गोरेटो वाटो | |
| ९ | मडकीना पधेरो गोरेटो वाटो | |
| १० | जनविकास मा.वि.स्कुल देखि पात्ले गोरेटो वाटो | |
| ११ | ठूलोडाँडा भुजुङ्गे गोरेटो वाटो | |
| १२ | गानावाङ्ग देखि नुवामाँङ्ग गोरेटो वाटो | |
| १३ | सिठ्यानी देखि मल्कावाङ्ग गोरेटो वाटो | |
| १४ | दुर्लुङ्ग देखि सिठ्यानी गोरेटो वाटो | |
| १५ | राउसेखोला गैडाको चौतारी गोरेटो वाटो | |
| १६ | मल्कावाङ्ग देखि घिमिरेको घर सम्म गोरेटो वाटा | |
| १७ | भण्डारीथर अर्थमास सुनपति मोटर  वाटो | |
| १८ | सिम्ले देखि दानसिङ्ग मोटर वाटो | |
| १९ | भुजुङ्गे सार्थन आङ्गवाङ्ग बसेनी लामतुन मोटर वाटो | |
| २० | लामतुन टिमुरे दमैडाँडा मोटर वाटो | |
| २१ | नाईथर स्वास्थ्य चौकी मोटर वाटो | |
| २२ | फेन्सी चोक एक्काने मोटर वाटो | |
| २३ | सिठ्यानी मोटर वाटो | |
| २४ | गानावाङ्ग पुछार थर मोटर वाटो | |
| २५ | गानावाङ्ग  चिसापानी मोटर वाटो | |
| २६ | घिमिरेको घर देखि मल्कावाङ्ग मोटर वाटो | |
| २७ | मैदान देखि कोट मन्दिर मोटर वाटो | |
| २८ | मैदान  देखि पुच्छार थर मोटर वाटो | |
| २९ | सिठ्यानी देखि मल्कावाङ्ग गोरेटो वाटो | |
| ३० | पूर्णगाँउ बायकाठ वडा कार्यालय मोटर वाटो | |
| ३१ | सिम्ले ढुंगाना मोटर वाटो | |
| ३२ | सिम्ले लौसीडाँडा मोटर वाटो | |
| ३३ | प्रतिक्ष्यालय टिउनडाँडा मोटर वाटो | |
| ३४ | धनुमासे फेदी लौसीडाँडा मोटर वाटो | |

**वडा न ५ मा व्याकुडोजर र पालिका स्वयमसेवकले गर्ने कार्यहरु**

| क्र स | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | मिलन चोक देखि वडा कार्यालय सम्म सडक विस्तार | |
| २ | लामे बगालथर नेपाली डाँडा हुदै भोर्ले डाँडासम्म गोरेटोबाटो | |

| | | |
|---|---|---|
| ३ | वडा कार्यालय देखि लामास्वारा मुल गैरा नयाँद्धर माथि खोपा हुदै अचारडाडासम्म गोरेटो बाटो | |
| ४ | उपल्लाबारी डुडे माझघर आहाले गोरेटोबाटो | |
| ५ | ठाडा चौर दउरामाने चिप्लेटीहुदै अचारडाँडा सम्म गोरेटोबाटो | |
| ६ | लामेदुक्तान ठुलाखोला चिसापानी मन्दिरसम्म गोरेटोबाटो | |
| ७ | घट्टेरेखोला बाजेगुरु हुदै गुम्बा सम्म | |
| ८ | टाँडाखर्का बगालथर हुदै दुक्तान मटरबाटो सम्म | |
| ९ | जिमिरे सगरमाथा प्रावि सम्म गोरेटोबाटो | |
| १० | महाशिला जोरकाफला धुँवाकोट मन्दीर गोरेटोबाटो | |
| ११ | किटेनी तल्लो जोरकाफला गोरेटोबाटो | |
| १२ | रामाटा बनपाखे महाशिला गोरेटोबाटो | |
| १३ | महाशिला जोरकाफला गोरेटोबाटो | |
| १४ | फाटेखोला ढाडा जिमिरे पहरे गोरेटोबाटो | |
| १५ | आहाले बाट बुद्ध प्रा वि गोरेटोबाटो | |
| १६ | न्यूरेनी देखि थुम्कासम्म पदमार्ग | |
| १७ | केटिचौर देखि उपल्लाबरी सिमा पारी मुखिया हुदै महेन्द्रज्योति सम्म पदमार्ग | |
| १८ | गैरावारी पुछराघर चौपारी मुलाबारी हुदै चिसापानी छापस्वारा | |
| १९ | सिद्धबाबा थान रानीभुमीको हुदै छापस्वारा चिसापानी | |
| २० | दाउरामानी देखी चिप्लेटी कचेढुङगा सम्म | |
| २१ | लाटाघर्ती ठडापाखा चाउके हुदै जमुन डाँडा चुत्रेनी | |
| २२ | डाङडुगे देखी चनौटे सम्म | |
| २३ | ठुलास्वारा देखि सिद्दमार्ग सम्म गोरेटोबाटो | |
| २४ | व्यादेल थर देखी बुद्द प्रा वि सम्म गोरेटोबाटो | |
| २५ | चिलाउने चौतारा देखि तगरा सम्म गोरेटोबाटो | |
| २६ | डुडेखोला माझघर आहाले हुदै राम्चे सम्म गोरेटोबाटो | |
| २७ | बुद्ध प्रा वि देखि छापस्वारा हुदै डाँडाघर सम्म गोरेटोबाटो | |
| २८ | देउराली घुम्ती देखि बनपाला सम्म गोरेटोबाटो | |
| २९ | मझघर छायाडाडा देखि आहाले सम्म गोरेटोबाटो | |
| ३० | घरे ढुङगा चनौटे घरीडाँडादेखी ठुलास्वारा सम्म गोरेटोबाटो | |
| ३१ | बलरामको घरदेखि माथी मोटरबाटो सम्म गोरेटोबाटो | |
| ३२ | एकपाटे तल्लोखोपा हुदै १५ शैया हस्पिटल सम्म रेलिङ ढालान सहितको पदमार्ग | |

| | | |
|---|---|---|
| ३३ | नेपाली टोल देखी बुद्ध प्रा.वि सम्म | |
| **सडक सरसफाइ तर्फ** | | |
| १ | लामास्वारा भोर्लेडाडा लामे गाडाँ दुक्तान हुदै बगालेथर सातमुले मन्दिर सम्म | |
| २ | साउघर केटीचौर साङले चुतरेनी र दियालीडाँडा सम्म मोरबाटो सरसफाइ | |
| ३ | साङलेदेखी छहरी सम्म | |
| ४ | कुसुन डाँडा कुखुरे बान्द्रे सडक खण्ड | |
| ५ | बनपाखे रातामाटा बान्द्रे | |
| ६ | कुसुन डाडा तल्लो जिमिरे गुजुमुन्टा बान्द्रे | |
| ७ | बोदाबारी भवराज घुम्ती | |
| ८ | जोरकाफल महाशिला हुदै बनपाखे | |
| ९ | किटेनी देखि तल्लो जोरकाफल | |
| १० | भाटेघर हुदै बतासे | |
| ११ | कुसुनडाँडा घुम्ती देखि कुसुनडाडा चौर सम्म | |
| १२ | कुखुरे देखी आरुचौर सम्म | |
| १३ | क्युरे देखी साउरबोट सम्म | |
| १४ | तल्लो जोरकाफल देखि दमैडाँडा | |
| १५ | डाङडुगे देखि बान्द्रे सम्म | |
| १६ | चनौटे चुत्रेनी ठाडापाखा हुदै डाङडुगेगुफा सम्म | |
| १७ | देउराली बजार देखी घन्तरी खोला सम्म | |
| १८ | लामेदेखी छापस्वारा हुदै गाडाँ सम्म | |
| १९ | गैराबारी देखी बुद्द प्रा वि हुदै चाक्लीपातल सम्म | |
| २० | मीलनचोक देखी जैसीधारा सम्म सरसफाइ | |
| २१ | पुरन स्वारा देखी उपल्लाबारी रमेशको घर सम्म | |
| **नयाँ ट्र्याक** | | |
| १ | भोर्लेडाँडा उपल्लोखोपा कचेढुङगा चिप्लेटि हुदै वि.क टोल सम्म | |
| २ | जिमिरे भाटेघर हुदै पहरेसम्म | |
| ३ | छापस्वारा देखि बुद्द प्रा वि माथी पोखरी सम्मको नयाँ ट्र्याक | |
| **वडा नं ६ का गाउँपालिकाको भ्याकु लोडर र स्वंयसेवकले गर्ने योजनाहरुः** | | |
| क.सं | योजनाहरु | कैफियत |
| १ | डाँडाबारी बाटाघर मदनआश्रित गोरेटो वाटो निर्माण | |

| | | |
|---|---|---|
| २ | छहराखोला भैरवथान सरस्वती आ.वि साउथर हुँदै मोटरवाटो सम्म गोरेटोवाटो | |
| ३ | वडाभित्रका सम्पुर्ण मोटरबाटो सरसफाइ | |
| ४ | छहरा खोला धैरवथान गोरेटो वाटो निर्माण | |
| ५ | घन्तरी फ.न.पा सिमाना मोटर वाटो स्तर उन्नति | |
| ६ | सरस्वति आधारभुत विद्यालय कुमारको घर सम्म गोरेटो वाटो निर्माण | |
| ७ | गैराघर साउथर हुँदै मोटरबाटो सम्म पैदल मार्ग | |
| ८ | भाटिखोला फ.न.पा सिमाना गोरेटो वाटो मर्मत | |
| ९ | गैराघर, ठाडोपाखो,ठाँटी गोरेटो वाटो निर्माण | |
| १० | बालाकोटे पधेरा, कुशुमको घर, लितिया गोरेटो बाटो | |
| ११ | घण्टे कडेनी पदमार्ग निर्माण | |
| १२ | झाक्री थान, बनपाला,खुरखुरेडाँडा गोरेटो बाटो | |
| १३ | दह चौर,भुतेखोला सडक सोलिङ्ग | |
| १४ | डाँडावारी,बनपाला, ढुंगेघर गोरेटो वाटो | |
| १५ | डाँडाबारी खोला, बाटाघर,मदनआश्रीत गोरेटो बाटो | |
| १६ | भगवतिको घर हुँदै थापा डाँडो सम्म गोरेटो वाटो | |
| १७ | बाहुनको खोला, खुरखुरे डाँडा गोरेटोबाटो | |
| १८ | वडाकार्यलय, काल्डाँडा मोटरवाटो स्तरन्नोति | |
| १९ | बिरालोगाडे ढुंगा लाकुरीचौर मोटर वाटो नयाँ ट्र्याक वोपन | |
| २० | भाटि खेत नास्पतिको रुख गोरेटोवाटो निर्माण | |
| २१ | बनौराको बोट देखि वडाकार्यलय माथि सम्म गोरेटो बाटो निर्माण | |
| २२ | गैराघर राम्चे गोरेटो वाटो निर्माण | |
| २३ | ओखेनी, हलोगाडे गोरेटोबाटो निर्माण | |
| २४ | मेजरको पाखा, ओखेनि गोरेटोवाटो निर्माण | |
| २५ | स्कुल देखि टेकवहादुर को घर सम्मको मोटरवाटो | |